
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रविन्द्र पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ २३ गते सोमबार ❑ 6 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा एक घर, एक वृक्षरोपण

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

पोखरा महानगरपालिकाले आगामी तीन महिनाभित्रमा महानगरका सबै घर कम्पाउडमा बिरुवा रोप्ने भएको छ ।

पर्यटकी सहरसमेत रहेको पोखराको वातावरणलाई हरियाली बनाउन महानगरले नगरवासीलाई अनिवार्यरुपमा वृक्षरोपण कार्यक्रममा सहभागी गराउने भएको हो । महानगर प्रमुख धनराज अचार्यले आइतबार ५०औं विश्व वातावरण दिवसका सन्दर्भ पारेर महानगरले आयोजना गरेको वृक्षरोपण कार्यक्रममा अबको तीन महिनाभित्र प्रत्येक घरमा बिरुवा रोप्ने कार्यक्रम सञ्चालन गर्ने घोषणा गर्नुभएको हो । उहाँका अनुसार एक घर एक वृक्षरोपण कार्यक्रमका लागि महानगरले नै आवश्यक बिरुवा नगरवासीलाई उपलब्ध गराउने र वातावरण शाखाले तयारी अगाडि बढाउनेछ । केही वर्ष अगाडि पोखराको बीच भाग भएर बग्ने सेती नदीमा आएको अप्रत्यासित बाढी, गत वर्ष मनाङ र मादीमा आएको बाढीको स्मरण गर्दै उहाँले भन्नुभयो, "वातावरणीय सन्तुलन कायम राख्नका लागि वृक्षरोपण अनिवार्य छ, सानो क्षेत्रफलमा बनेका घरमा समेत अक्सिजन दिनेखालका सानातिना बिरुवा भए पनि रोप्न नगरवासीलाई आग्रह गर्नेछौं ।" पोखरामा विगतमा प्रशस्तमात्रामा रहेका पोखरी, चौतारा र वर, पीपल मासिएका उल्लेख गर्दै महानगर प्रमुख आचार्यले सडकका किनारामा कस्तो बिरुवा रोप्ने भन्ने विषयमा सरोकारवाला पक्षसँग बसेर निष्कर्षमा पुगिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "विगतमा पोखरामा प्रशस्त पोखरी थिए, चौतारा थिए, प्रशस्त वर पीपलका बिरुवा थिए, ती सबै मासिए, अब जेजति जोगिएको छ, त्यसको संरक्षण गर्ने र सडक छेउमा कस्ता उपयोगी बिरुवा रोप्ने भन्ने विषयमा सरोकारवाला विज्ञसँग बसेर निर्णय गर्नेछौं, पोखरालाई नाराअनुसारको स्वच्छ हराभरा सुन्दर पोखरा व्यवहारमै बनाउनेछौं ।" प्रमुख आचार्यले खाली जमिनमा वृक्षरोपण कार्यक्रम गर्न पोखरास्थित सम्पूर्ण सङ्घसंस्थालाई आग्रह गर्नुभयो । महानगरले पोखरा-२४ को कार्यालय र कश्यप ताल परिसरमा विश्व वातावरण दिवसको अवसर पारेर वृक्षरोपण गरेको छ। सोही वडाका वडाध्यक्ष भरतबहादुर अधिकारीले विभिन्न प्रजातिका २०० भन्दाबढी बिरुवा रोपिएको जानकारी दिनुभयो । वडाध्यक्ष अधिकारीले अहिले वडावासी डोकोमा गाग्री बोकेर कहाँ पानी पाइन्छ भनेर धाउनुपर्ने अवस्था रहेको भन्दै सोको अन्त्यका लागि लिफ्टिङ खानेपानी आयोजना छिट्टै सम्पन्न गरेर खानेपानी उपलब्ध गराउने योजनामा रहेको बताउनुभयो ।



## एकीकृत समाजवादीले नयाँ मन्त्रीको नाम प्रधानमन्त्रीलाई बुझायो

रासस
काठमाडौं, २२ जेठ

नेकपा (एकीकृत समाजवादी) ले आज साँझ नयाँ मन्त्रीहरूको नाम प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको छ ।

पार्टी अध्यक्ष माधवकुमार नेपालले साँझ प्रधानमन्त्री देउवालाई भेटेर नयाँ मन्त्रीको नाम बुझाउनुभएको पार्टी केन्द्रीय प्रचार विभाग सचिव प्रकाश खतिवडाले जानकारी दिनुभयो ।

सिफारिस भएका मन्त्रीहरूमा सहरी विकास मन्त्रालयमा मेटमणि चौधरी, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा भवानी खापुङ, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा जीवनराम श्रेष्ठ र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा शेरबहादुर कुँवरको नाम सिफारिस गरिएको छ । त्यसैगरी हिराचन्द्र केसीलाई स्वास्थ्य राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ । स्वास्थ्य राज्यमन्त्री खापुङलाई मन्त्रीमा बढुवा गरेर उहाँको ठाउँमा केसीलाई ल्याइएको हो । पार्टीका तर्फबाट सरकारमा रहेका मन्त्रीहरूलाई फिर्ता बोलाएर नयाँ नाम सिफारिस गर्न सचिवालय बैठकले शीर्ष नेतृत्वलाई जिम्मेवारी दिएपछि उच्च तहका नेताहरूबीच भएको छलफलबाट नयाँ नाम सिफारिस गरिएको हो ।

एकीकृत समाजवादीले रामकुमारी झाँक्री, विरोध खतिवडा, कृष्णकुमार श्रेष्ठ र प्रेम आलेलाई फिर्ता बोलाएको हो । पार्टीको पहिलेको सहमति बमोजिम नै ६ महिनाका लागि पठाइएको र समयावधि पूरा भएकाले उहाँहरूलाई फिर्ता बोलाएको पार्टीले जनाएको छ ।

## रचनात्मक कामका लागि माओवादी केन्द्रका सदस्यबाट १०० रुपैयाँ उठाइने

रासस
काठमाडौं, २२ जेठ

नेकपा(माओवादी केन्द्र)ले पार्टी केन्द्रीय कार्यालय व्यवस्थित बनाउन एवं अन्य रचनात्मक कामका लागि खर्च जुटाउने उद्देश्यका साथ पार्टीका सबै सदस्यबाट रु १०० का दरले लेवी उठाउने भएको छ।

माओवादीका देशभर कूल आठ लाख पार्टी सदस्य छन् । त्यसबाट रु आठ करोड बराबरको रकम सङ्कलन हुनेछ। पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटारमा आइतबार बसेको पार्टीका पूर्वस्थायी समितिका सदस्यको बैठकले पार्टीको कार्यालय विस्तार तथा व्यवस्थापनका लागि एकपटकका लागि उक्त परिमाणमा रकम सङ्कलन गर्ने निर्णय गरेको हो। बैठकमा मुलुकको समसामयिक राजनीतिक विषयका अलावा हाले सम्पन्न स्थानीय तहको निर्वाचन, पार्टीका अन्य कामलगायत विषयमा छलफल भएको थियो । माओवादी नेता हरिबोल गजुरेलका अनुसार समसामयिक राजनीतिक विषयका अलावा पार्टीको भ्रातृ सङ्गठन अखिल(क्रान्तिकारी) भित्र देखिएको केही असन्तुष्टिका बारेसमेत छलफल भएको थियो । गत पुसमा माओवादीले आठौं महाधिवेशन सम्पन्न गरेको भए पनि हालसम्म पदाधिकारी चयन हुन सकेका छैनन् । त्यसबारेमा पनि बैठकमा सामान्य चर्चा परिचर्चा भएको बताइएको छ । पदाधिकारी छिट्टै टुङ्गोमा पुऱ्याएर पार्टीको सङ्गठन विस्तार तथा सङ्घीय र प्रदेशसभाको निर्वाचनमा केन्द्रित हुने माओवादीले स्पष्ट पारेको छ ।

## चार देशीय 'पोखरा आर्ट क्याम्प' हुने

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

चार देशका कलाकारहरूको सहभागितामा पोखरामा बृहत् आर्ट क्याम्प आयोजना गरिने भएको छ ।

गण्डकी प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा आगामी भदौ ३१ देखि असोज ४ गतेसम्म हुने 'पोखरा आर्ट क्याम्प'मा नेपालसहित भारत, बङ्गलादेश र इरानका झण्डै १०० कलाकारको सहभागिता रहने आयोजक अन्तर्राष्ट्रिय जलरङ समाज (आइडब्लुएस) नेपालले जनाएको छ । कोभिड-१९ सङ्क्रमणका कारण ललितकलाका गतिविधि भर्चुअलमा सीमित भइरहेको सन्दर्भमा सङ्क्रमण न्यून भएसँगै उक्त कार्यक्रम भौतिक उपस्थिति गर्न लागिएको हो । महामारीले पर्यटनसहित ललितकलाका कार्यक्रमसमेत नराम्ररी प्रभावित भएको थियो । यसका कारण कला पर्यटन ठप्प हुन पुगेको थियो । अब भने विस्तारै कला पर्यटन प्रवर्द्धन गर्दै कलामार्फत नेपालको पहिचान विश्वव्यापीरूपमा पुऱ्याउने प्रयास थालिएको शनिबार साँझ आयोजित पत्रकार सम्मेलनमा आयोजक समितिका संयोजक आइडब्लुएस नेपालका अध्यक्ष एनबी गुरुङले जानकारी दिनुभयो ।

'पोखरा घुमौं र पोखराको प्राकृतिक सौन्दर्यलाई चित्रण गरौं' भन्ने नाराका साथ आयोजना हुने कार्यक्रममा कला कार्यशालाका साथै कला सेमिनार, कला पर्यटन भ्रमण तथा कला प्रदर्शनी हुनेछ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले गण्डकी प्रदेश कला, साहित्य, सङ्गीत र संस्कृतिको उर्वर भूमि र हरेक जातिको आफ्नै गौरवपूर्ण भाषा र संस्कृतिको रमणीय स्थान भएको जानकारी दिनुभयो । उहाँका अनुसार आठ हज़ारमाथिका तीनवटा हिमाल एकसाथ देखिने गण्डकी प्रदेशको राजधानी पोखरा हो ।

उहाँले पोखरा आर्ट क्याम्पमार्फत गण्डकीको सुन्दरता विश्वभर पुऱ्याउने अभियानमा सहभागी हुन पाएकामा खुसी व्यक्त गर्नुभयो । ललितकलाको क्षेत्रमा महत्वपूर्ण कार्यक्रम गर्दै आएको आइडब्लुएस नेपालले यसअघि काठमाडौं, घान्द्रुक र लुम्बिनीमा अन्तर्राष्ट्रिय जलरङ महोत्सव सम्पन्न गरिसकेको छ । पछिल्लो कला महोत्सव भने कोरोनाका कारण प्रभावित भएको र उपयुक्त समयमा ओजना गर्ने जनाइएको छ।

## धर्ती र मानवजातिको संरक्षण गर्न नसकिए समृद्धिको अर्थ छैन : अध्यक्ष ओली

रासस
काठमाडौं २२ जेठ

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले धर्ती र मानवजातिको संरक्षण गर्न नसकिए विकास र समृद्धिको लक्ष्यमा पुग्न नसकिने बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय वातावरण दिवसका अवसरमा आज तुल्सीलाल स्मृति प्रतिष्ठान र अखिल नेपाल महिला सङ्घले आज आयोजना गरेको कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले भन्नुभयो, "वातावरणीय पक्षमा ध्यान

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपालमा मनसुन सरदर मितिभन्दा अगाडि प्रवेश : महाशाखा

रासस
काठमाडौं, २२ जेठ

नेपालमा यस वर्ष मनसुन सरदर मितिभन्दा अगाडि नेपालको पूर्वी भेगबाट प्रवेश गरेको जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाले आइतबार विशेष बुलेटिन निकालेर हाल यस वर्षको मनसुन प्रणाली आइतबारका दिन नेपालको प्रदेश नं १ मा आगमन भएको जनाएको छ । नेपालको अन्य भू-भागमा भने केही दिनपछि मनसुन प्रवेश हुने महाशाखाको अनुमान छ । नेपालमा मनसुन भित्रिने सरदर मिति जुन १३ भएको विभागले जनाए पनि यसअघि विभागकै वेबसाइटमा नेपालमा सामान्यतया मनसुन १० जुनमा प्रवेश गर्ने उल्लेख गरिएको थियो। देशको पूर्वी भेगबाट मनसुन प्रवेश गरी क्रमशः पश्चिमतर्फ विस्तार हुन्छ । जुनदेखि सेप्टेम्बरसम्म चार महिनाको अवधिलाई दक्षिण एशियाली क्षेत्रमा मनसुनको अवधि भनिन्छ । यसै सन्दर्भमा यस वर्षको मनसुनी प्रणालीलाई मौसम पूर्वानुमान महाशाखाले निरन्तर अनुगमन गरिरहेको र सोहीअनुसार नियमितरुपमा अद्यावधिक गर्दै जाने बुलेटिनमा उल्लेख छ ।

## पृथ्वीराजमार्गको याम्पा-घाँसीकुवा खण्ड दैनिक पाँच घण्टा बन्द

पोखरापत्र संवाददाता
दमौली, २२ जेठ

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको याम्पाफाँट र घाँसीकुवाखण्ड आइतबारदेखि दैनिक पाँच घण्टा बन्द हुने भएको छ। मुग्लिङ-पोखरा सडक विस्तार योजनाअन्तर्गत उक्त खण्डमा सडक खन्ने कार्य गर्नुपर्ने भएकाले आइतबारजदेखि दैनिक पाँच घण्टा सडक बन्द गर्न लागिएको हो ।

बन्दीपुर गाउँपालिका-५ स्थित याम्पाफाँट र व्यास नगरपालिका-१२ घाँसीकुवा खण्डमा अर्को सूचना नभएसम्मका लागि राति ११ बजेदेखि बिहान ४ बजेसम्म आवागमन बन्द रहने मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड) का आयोजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । नियमितरुपमा सवारी साधान सञ्चालन हुँदा काम गर्न असहज भएकाले रातिको समयमा सडक बन्द गरी काम गर्न लागिएको उहाँले बताउनुभयो ।सो समय अगाडि वा पछाडिमात्र उक्त सडकमा आवतजावत गरिदिन सर्वसाधारणलाई आग्रह गरिएको छ । आयोजनाको पूर्वी खण्डतर्फ सडक चौडा बनाउने काम भइरहेको छ । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । सडक विस्तार कार्यका लागि राजमार्ग आसपासका रुखहरु काटिएको छ । हालसम्म पूर्वी खण्डमा तीन हजार १४ रुख कटान भइसकेका छन् । मुग्लिङ पोखरा सडक विस्तार कार्यअन्तर्गत पश्चिम खण्डबाट पनि काम सुरु भइसकेको छ । पश्चिम (जामुने-पोखरा) खण्डको ठेक्का यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सन कम्पनीले पाएको छ। विर्स २०२६ सालमा रेखाङ्कन भएको सडकमा सवारी साधनको चाप बढ्दै गएपछि एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । असी किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ ।

पूर्वी खण्ड रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्ड रु सात अर्ब ४० करोड ४६ लाखमा सम्पन्न गर्ने ठेक्का सम्झौता भएको छ । चार लेनको बन्ने सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटर चौडा सडक बन्नेछ । दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौंडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ ।

सडक चार लेनको बन्दा अहिले भएका पुलको ठाउँमा नयाँ पुल बन्नेछ । आँबुखैरेनीदेखि पोखरासम्मको ८० किलोमिटर दूरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरबेल पुल निर्माण हुनेछ । आँबुखैरेनीदेखि मुग्लिन खण्डको आठ किलोमिटर दूरीको भने डिजाइन हुँदैछ । यो खण्डमा हाल पृथ्वीराजमार्गको भएको स्थानमा मर्स्याङ्दी जलविद्युत् गृह रहेको छ। जलविद्युत् गृह र सडक फराकिलो बनाउन सकस हुने भएपछि सडकको रेखाङ्कन नै परिवर्तन गर्नुपरेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्यटन प्रवर्द्धनका लागि 'डुलुवा' समूह एक महिने भारत यात्रामा

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

पोखराको पर्यटन प्रवर्द्धनका लागि 'डुलुवा' समूह एकमहिने यात्रामा निस्केको छ । आइतबार पत्रकार सम्मेलनमार्फत यात्राको उद्देश्यका बारेमा जानकारी दिएर सो समूहले भारतको यात्रा तय गरेको हो ।



सुस्ताइरहेको पर्यटनलाई थप गतिशील बनाउन पोखरालगायत नेपालका प्रमुख पर्यटकीय गन्तब्यका प्रवर्द्धनात्मक सामग्री बोकेर सो टोलीले भारतको अमृतसहर, कश्मिर, कार्गिल, लदाख, मनाली, सिम्ला, देहरादुन र नैनीताल पुगेर फर्किने टोली प्रमुख योगेश भट्टराइले जानकारी दिनुभयो । यात्राले फरक परिवेश संस्कार, संस्कृतिको अध्ययन गर्ने र एक अर्काबीच भाइचाराको सम्बन्ध स्थापित गर्ने भएकाले घुम्ने संस्कृतिको विकासका लागि यात्रा तय गरेको उहाँको भनाइ छ । पहिले देश अनि विदेश भन्ने उद्देश्यसहित टोलीले यसअघि नेपालका ७० जिल्लाको यात्रा सकेर यसपटक भारतका विभिन्न स्थानको छनोट गरी यात्रा तय गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार सन् २००८ मा प्याराग्लाइडिङ व्यवसायमा आबद्ध र विशेषगरी घुमघाममा रुचि राख्ने युवाको जमातले पोखरा नजिकै ताङतिङ गाउँ घुम्ने क्रममा 'डुलुवा' भन्ने नाम जुराएसँगै अहिले यो समूह घुमघामका लागि डुलुवाको नामबाट परिचित छ ।

नेपाली संस्कृतिमा प्रचलित डुल्ने मान्छेलाई डुलुवा भन्ने प्रचलनलाई आत्मसात् गर्दै अहिले सो समूह युवा लक्षित जिम्मेवार पर्यटन प्रवर्द्धनको सोचसहित जुटेको हो । यो समूहले यात्राका क्रममा सुदूरपश्चिमका विकट बस्तीमा पुगेर न्यानो कपडा, स्कुल सामग्री वितरण गरेर सामाजिक उत्तरदायित्व पनि पुरा गरेको छ । पत्रकार सम्मेलनमा भारतीय पेन्सन क्याम्पका पोखराका लेफ्टिनेन्ट कर्णेल शशाङ्क त्रिपाठीले भारतका प्रसिद्ध र निकै परम्परागत, ऐतिहासिक सांस्कृतिक महत्व बोकेका स्थानको छनोट गरी यात्रा तय गरेकामा उपलब्धिमूलक यात्राको शुभकामना दिनुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले युवाजोश जाँगरसहित आफ्नो ठाउँको विकासमा जुट्नुपर्छ भन्ने सोचका युवाले पर्यटन प्रवर्द्धनका लागि देखाएको सक्रियता र गतिविधि निकै प्रशंसनीय रहेको बताउनुभयो । उहाँले पोखरा साहासिक गतिविधिको शहर भएकाले डुलुवा समूहले भारतका विभिन्न सहरमा यस क्षेत्रको साहासिक गतिविधिलाई पनि प्रवर्द्धन गर्ने विश्वास व्यक्त गर्नुभयो । नेपाल पर्यटन बोर्डका पूर्वकार्यकारी सदस्य गणेशबहादुर भट्टराईले घुमघाम संस्कृतिले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने र नयाँनयाँ पर्यटकीय गन्तब्यको उजागर गर्ने बताउनुभयो । उहाँले भारतका ऐतिहासिक र नेपालीसँग महत्वपूर्ण सम्बन्ध रहेको कार्गिललगायतका क्षेत्रमा पुग्दा युवाले धेरै ऐतिहासिक ज्ञान हासिल गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो । पर्यटनका लागि धेरैभन्दा धेरै युवामा घुम्ने संस्कृतिको विकास गराउनुपर्ने उहाँको भनाइ थियो ।

समूहका अर्का सिनियर टोली प्रमुख सुनिल भट्टराइले यात्राको लक्ष्य भारतीय बजारमाझ नेपालको पर्यटनलाई प्रवर्द्धन गर्नु रहेको जनाउँदै भारतका विभिन्न ठाउँमा पत्रकार सम्मेलन गरेर प्रवर्द्धनात्मक सामग्रीसहित औपचारिक र अनौपचारिक भेटघाटलाई जोड दिइने बताउनुभयो । उहाँले यात्रका क्रममा भेटिएका पर्यटकीयस्थलको उजागार गर्नु र नेपाल-भारतबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउनु यात्राको उद्देश्य रहेको जानकारी दिनुभयो । नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद् लगायतको प्रवर्द्धनात्मक सहयोग गरेको डुलुवाको 'राइड एण्ड ग्लाइड' नामकरण गरिएको यात्राको टोलीमा नौ जना प्याराग्लाइडिङ पाइलटसहित विभिन्न पेशा व्यवसायमा आबद्ध १९ युवाको सहभागिता रहेको समूहका सदस्य विकास भट्टराइले जानकारी दिनुभयो




विश्व वातावरण दिवसका अवसरमा पोखरा-१४ मा अवस्थित ज्ञान गंगा स्कुलले आयोजना गरेको सचेतनामुलक र्‍याली तथा सरसफाइ कार्यक्रममा 'वातावरण जोगाउँ' भन्ने प्लेकार्ड सहित विद्यार्थी एवं शिक्षकहरु । - पोखरापत्र

# पोखरामा तेस्रो माउण्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २२ जेठ

नेपालको मार्सल आर्ट क्षेत्रमा अग्रणी स्थान रहेको नेपाल तेक्वान्दो संघको आयोजनामा गण्डकी प्रदेशको राजधानी पोखरामा आगामी असोज ५ देखि ९ गतेसम्म तेस्रो माउण्ट एभरेष्ट अन्तर्राष्ट्रिय खुला तेक्वान्दो प्रतियोगिता हुने भएको छ ।



पोखरामा आइतबार आयोजित पत्रकार सम्मेलनमासो कुराको जानकारी दिइएको हो । प्रतियोगिताले पोखरामात्र नभई नेपालको खेल तथा पर्यटन क्षेत्रमा थप टेवा पुग्ने विश्वास आयोजकले लिएको छ । यसअघिका वर्षमा काठमाडौंमा हुँदै आएको प्रतियोगिता गत वर्ष कोभिड-१९ का कारण प्रभावित भएको थियो । गत वर्ष गण्डकी प्रदेशमा आयोजना गर्ने भनिए पनि कोभिड-१९ कै कारण हुन सकेको थिएन । यस अन्तर्राष्ट्रिय तेक्वान्दो संघले स्वीकृत प्रदान गरेपश्चात पोखरामा प्रतियोगिताको तयारी तीव्र पारिएको छ । विश्वका ५० भन्दा बढी देशका एक हजार ५ सय बढी खेलाडी, रेफ्री, अफिसियल र उनीहरुका परिवारसहित २ हजारभन्दा बढी विदेशी खेलाडी पोखरा आउने अनुमान गरिएको छ । प्रतियोगिता सम्पन्न गर्नका लागि करिब २ करोड लाग्ने अनुमान गरिएको मूल आयोजक समितिका अध्यक्ष प्रकाश शम्शेर राणाले बताए । प्रतियोगिताको सदस्य स्रोत व्यवस्थापन संघ/प्रदेश,स्थानीय सरकारलगायत उद्योगपति, व्यवसायी र पोखरेली जनताबाट हुने अपेक्षा गरिएको सदस्य सचिवजगनबहादुर गुरुङले जानकारी दिए । प्रतियोगिताका लागि गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख संरक्षकत्वमा १ सय १ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ ।खेलकुद क्षेत्रलाई माया गर्ने राष्ट्र सेवक कर्मचारी, खेलाडी, राजनीतिज्ञ, उद्योगपति, व्यवसायी समेतको ५१ सदस्यीय सल्लाहकार समितिसमेत गठन भइसकेको छ । प्रतियोगिता सम्पन्न गर्न मुख्यमन्त्रीलगायत मन्त्रीहरुबीच छलफल भइसकेको छ । नेपाल तेक्वान्दो संघ केन्द्रीय समितिको बैठक जेठ २१ र २२ गते पोखरामा सम्पन्न भएको छ । विश्व तेक्वान्दो संघले मान्यता प्राप्त गरेको जि.टु खेल खेलाइने भएकाले सहभागी संख्या अझै बढ्न सक्ने अनुमा गरिएको छ ।

जसमा १८ वर्षमाथिकाले पनि विभिन्न तौल समूहमा खेल्न पाउने छन् । नेपालको परिवेशमा सबैभन्दा बढी मेडल जित्न सफल यस खेलको प्रवर्द्धनमा तपाई हामी सबै लाग्नुपर्ने देखिएको महासचिव दिपराज गुरुङले बताउनु भयो । प्रतियोगितामा सिनियर महिला/पुरुषतर्फ ८/८ र जुनियरतर्फ १०/१० वटा तौल समूहका खेल हुनेछन् ।

दीपक बिष्ट, संगीना बैद्य, सपना मल्ल जस्ता थुप्रै अन्तर्राष्ट्रिय खेलाडी तयार गर्न यस प्रतियोगिता कोसेढुंगा सावित हुनेछ । यस प्रतियोगितो आयोजनाबाट नेपाली तेक्वन्दो खेलाडीहरुले अनुभव प्राप्त गर्न सक्नेछन् । जसबाट आगामी दिनहरुमा नेपालका तर्फबाट अन्तर ाष्ट्रिय प्रतियोगितामा भाग लिनका लागि खेलाडीहरुलाई सहज हुनेछ । संघले त्यो सहजतालाई पनि विशेष प्राथमिकतामा राखेको जानकारी गराउँछौं । साथै कोभिड १९ले थलिएको पर्यटन व्यवसाय प्रवर्द्धनमा पनि यो प्रतियोगिता सहयोगी हुने बताइएको छ ।

# पुतलीबजारमा 'एक घर एक बिरुवा' अभियान

रासस
स्याङ्जा, २२ जेठ

स्याङ्जा सदरमुकामस्थित पुतलीबजार नगरपालिका वडा नं. १ मा 'एक घर एक बिरुवा' अभियान शुरु गरिएको छ ।

विश्व वातावरण दिवसको अवसर पारेर नगरपालिकाको सहयोग, डिभिजन वन कार्यालयका समन्वय र स्थानीय युवा क्लवको आयोजनामा अभियानको शुरुवात गरिएको हो । नगरपालिकाको अभियानपथ, ठाडो लाईन र भूपु सैनिक टोलमा अभियान अर्न्तगत प्रत्येक घरमा गमला सहितको बिरुवा रोपण गर्ने कार्यक्रम रहेको छ । डिभिजन वन कार्यालयले बिरुवा उपलब्ध गराएपछि प्रत्येक घरमा नगरपालिकाको सहयोगमा गमला सहित धुपीको बिरुवा रोपण गरिने स्याङ्जा युथ क्लवका अध्यक्ष रोशन श्रेष्ठले जानकारी दिए । अभियानपथका करिब एक दर्जन घरमा गमला सहितको धुपीको बिरुवा रोपण गरिएको छ । केहि दिनभित्रमा अभियानपथका झण्डै एक सय घर, ठाडोलाईनका करिब ५० र भूपु सैनिक टोलका करिब एक सय घरमा वातावरण मैत्री नगरपालिका बनाउन बिरुवा रोपण गरिने लक्ष्य राखिएको क्लवले जनाएको छ । वातावरण दिवसका अवसरमा अभियानको शुभारम्भ गर्दै पुतलीबजार नगरपालिकाका नगरप्रमुख तुलसीराम रेग्मीले वातावरणको क्षेत्रमा विश्वमा बढ्दै गएको चुनौतीको सामना मावन एकताले मात्रै चिर्न सक्ने बताए । उनले मावन एकताबाट रुख, बिरुवा संरक्षण र सरसफाईको माध्यामबाट मात्रै वातावरणमा देखिएको चुनौतीको सामना गर्न सकिने बिचार व्यक्त गरे । "नगरपालिकालाई वातावरण मैत्री बनाउँदै विकासमा सहभागिता जनाउनु सबैको साझा संकल्प हो ।" नगरप्रमुख रेगमीले भने, "साझा संकल्पबाट विकाससँगै मानव जीवनलाई सफा र जीवन्त राख्न सकिन्छ ।" विकासलाई वातावरण मैत्री बनाउन नसक्दा पछिल्लो समय विकासका नाममा वातावरण बिग्रदै गएकोमा रेग्मीले चिन्ता व्यक्त गरे । अभियानलाई शहरदेखि गाउँसम्म पुऱ्याउनुपर्नेमा जोड दिर्दै पुतलीबजार नगरउपप्रमुख देबी अर्यालले स्थानीय क्लवले थालनीगरेकोअभियानलाईसबैको सहयोगमा सार्थक बनाउनुपर्नेमा जोड दिईन् । मानवको गतिविधिले आफ्नै सभ्यतामा चुनौती थपिएपछि मानव सक्रियताले नै चुनौतीको सामना गर्नुपर्ने अर्यालले बताईन् । त्यस अवसरमा पुतलीबजार नगरपालिका मार्फत हुने हरेक विकास निर्माणका कार्य वातावरण मैत्री हुने समेत अर्यालले दाबी गरिने ।

गमला सहित धुपीको बिरुवा घर अगाडी दैलोमै रोपण हुने भएपछि स्थानीय हर्षित छन् । आफ्नो घरको दैलोमा बिरुवा आफै रोप्नुपर्नेमा क्लवको सक्रियतामा घरमै गमला सहितको धुपीको बिरुवा पाउने भएपछि उनीहरु हर्षित भएका हुन् । क्वलको अगुवाईमा नगरपालिकाले वातावरण मैत्री काम गरेकोमा स्थानीयले खुसि व्यक्त गरे । विश्व वातावरण दिवस सहित विभिन्न अवसरमा क्लवले सदरमुकाम क्षेत्रमा रचनात्मक कार्यक्रम संचालन गर्दै आएको छ । दिवस र अभियानलाई सार्थक बनाउँन युवाहरुको सामुहिक सहभागितामा कार्यक्रम गर्दै आएको क्लवसका सचिव रिमल नेपालीले जानकारी दिए । नागरिकको प्रत्येक गतिविधि वातावरण मैत्री हुनुपर्ने आवश्यकता सचिव नेपालीले औल्याएं ।

# धारामा...

दिन नसिकए विकास हुनुको मात्रै कुनै अर्थ हुँदैन ।

मानिस निरोगी रहन सकेनन् भने समृद्धिलाई उनीहरूले उपयोग गर्न सक्दैनन् ।" उहाँले आफू सरकारको नेतृत्वमा रहँदा सन् २०२० मा 'हिमाल र वातावरण' विषयमा सगरमाथा संवाद कार्यक्रम आयोजना गरिएको स्मरण गराउनुभयो ।

उक्त कार्यक्रम कोभिड-१९ का कारण स्थगन भएको थियो ।

अध्यक्ष ओलीले जापानले आणविक रेडियनबाट उत्पन्न विकिरणको संसर्गबाट देखिएका गम्भीर रोगहरूको सामना गर्नुपरेको सन्दर्भबारे चर्चा गर्दै धर्तीमा वातावरणको स्थायी प्रदूषणको प्रवृत्ति बढ्दै जाने र प्रतिरोधको क्षमता कम हुँदै जाने हो भने मानव सभ्यतामा चुनौती खडा हुने बताउनुभयो ।

सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्यअन्तर्गत वातावरण एक प्रमुख लक्ष्य रहेको र हिमालहरूको देश नेपालले विश्वका लागि हिमालको महत्वबारे बुझाउन आफूले विश्वका मञ्चहरूमा कुरा उठाउने गरेको स्पष्ट गर्नुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

**सम्पादकीय**

# तजविजीमा मन्त्री

नेकपा एकीकृत समाजवादीले सरकारबाट फिर्ता बोलाएको छ। निर्वाचनको समिक्षा गर्न बसेको सचिवालय बैठकले सातै प्रदेशको चुनावी समीक्षा रिपोर्ट पेस गर्न कमान्डर तोकेर मन्त्री फिर्ता बोलाउने निर्णय लिएको छ। शनिबारदेखि बसेको बैठक धेरै हल्ला नगरी आइतवार बसेको सचिवालय बैठकले चार मन्त्रीलाई फिर्ता बोलाएर नयाँलाई सरकारमा पठाउने निर्णय गरेको छ। आठ महिना अघि नियुक्त स्वास्थ्य मन्त्री विरोध खतिवडा, शहरी विकास मन्त्री रामकुमारी झाँक्री, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेम आले र श्रम तथा रोजगार मन्त्री किशान श्रेष्ठ फिर्ता बोलाइएका छन।

मन्त्रीलाई राख्ने फिर्ता बोलाउने निश्चित मापदण्ड बन्न सकेको छैन। पठाउँदा के मापदण्ड बनाइयो त्यो कसैलाई जानकारी गराइएन। अध्यक्ष माधवकुमार नेपालले केपी शर्मा ओली सरकारलाई ढाल्न भुमिका खेल्ने र शेर बहादुर देउवालाई फ्लोर क्रस गरेकालाई मन्त्री बनाइएको थियो। माधवकुमार नेपाल भन्दा देउवाप्रति वफादार मन्त्री बनाइएको भनेर आलोचना भएको थियो। उनीहरूलाई फिर्ता बोलाउने बेला अपमानजनक तरिकाले फिर्ता बोलाइएको भनी सामाजिक संजालमा विरोध भएको छापार्टीले औपचारिक रुपमा केही उल्लेख नगरेपनि प्रभावकारी ढंगले काम गर्न नसकेको निष्कर्ष निकाल्दै नयाँलाई सरकारमा पठाउने निर्णय भएको बताइएको छ।

नयाँ मन्त्रीको जिम्मेवारीमा जीवनराम श्रेष्ठलाई पर्यटन, शेरबहादुर कुँवरलाई श्रम, भवानी खापुङलाई स्वास्थ्य, मेटमणि चौधरी शहरी विकास र हिरा केसीलाई स्वास्थ्य राज्यमन्त्री बनाउन सिफारिश गरिएको समाचार सार्वजनिक भएको छ। राष्ट्रपतिले सपथ नखुलाएसम्म यकिन हुँदैन। पहिले पनि अन्तिममा नसोचेको मन्त्री भएका थिए। नेपाली उखान ढाँटको निम्तो खाइ पत्याउनु भने झैँ सितल निवासमा पुगेपछि थाहा हुनेछ। मन्त्री बनाउने फिर्ता बोलाउने नेताको तजविजी हुन थालेको छ। अझ गैर सांसदलाई मन्त्री बनाउनु निर्वाचितलाई अविश्वास हो। सबैलाई पालैपालो मन्त्री बनाएर हामीसित लागे ठूलो अवसरपाईन्छ भनेर लोभी पापी तान्ने उपाय मात्रै हो।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मन चञ्चल | धनु | : कार्यमा सफलता |
| ककर्ट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# चितवनमा एक वर्षमा जङ्गली जनावरको आक्रमणमा २२ जनाको मृत्यु

**रासस**
**चितवन, २२ जेठ**

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका मध्यवर्ती क्षेत्रमा घाँस दाउरा गर्न तथा बस्तु चराउन गएका २२ जनाको जङ्गली जनावरको आक्रमणबाट मृत्यु गएको छ।

चालू आर्थिक वर्षमा निकुञ्ज सुरक्षामा खटिँदा, घाँस दाउरा गर्न जाँदा, पूजा गर्न जाँदा, पर्व मनाएर घर फर्कदै गर्दा जङ्गली जनावरको आक्रमणमा परी विभिन्न समयमा उनीहरुको मृत्यु भएको हो। निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चालू आर्थिक वर्षमा सबैभन्दा बढी बाघको आक्रमणबाट मानवीय क्षति भएको छ। बाघको आक्रमणबाट १३ जनाको मृत्यु भएको छ। यस्तै गैँडाको आक्रमणबाट छ र जङ्गली हात्तीको आक्रमणबाट तीन जनाको मृत्यु भएको उहाँले जानकारी दिनुभयो। गत आर्थिक वर्षमा जङ्गली जनावरको आक्रमणमा परी १२ जनाको मृत्यु भएको थियो। त्यसमध्ये गैँडाको आक्रमणमा चार, बाघको आक्रमणमा चार, जङ्गली हात्तीको आक्रमणमा दुई, गौरी गाईको आक्रमणमा एक र बँदेलको आक्रमणमा परी एक जनाको मृत्यु भएको निकुञ्जको तथ्याङ्कमा उल्लेख छ।

# सुन्तला र काँक्रामा औसा कीराको प्रकोप

**पोखरापत्र संवाददाता**
**बागलुङ, २२ जेठ**

बागलुङको जैमिनी नगरपालिका-४ सर्कुवाका किसानको बारीमा फलेका सुन्तलामा औसा कीराको प्रकोप देखिएको छ। सुन्तलाका स-साना दानामा कीराको सङ्क्रमण सुरु भएको भेटिएको हो। कृषि ज्ञान केन्द्रको प्राविधिक समूहले किसानका बारीमा पुगेर सुन्तलामा औसा कीराको सङ्क्रमण सुरु भएको पहिचान गरेको हो।

मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषिगाउँ सर्कुवाका केही किसानले व्यावसायिक रुपमा सुन्तलाको उत्पादन गर्दै आएका छन्। 'किसानले सुन्तला झर्ने समस्या बताउनुभएको थियो, हामीले जाँच गरेर हेर्दा औसा कीराको सङ्क्रमण भेटाएका छौँ', कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत कुमार पुनले भन्नुभयो 'तत्काल उपचार गर्न सुझाएका छौँ, समयमा बिरुवा र दानामा उपचार गरे समस्या समाधान हुन्छ।' प्रायः फल पाकेर टिप्ने बेलामा देखिने औसा कीराको सङ्क्रमण बतिलामै देखिएपछि किसान उत्पादन घट्नेमा चिन्तित छन्। कृषि ज्ञान केन्द्रले आवश्यक उपचारका लागि विषादी निःशुल्क उपलब्ध गराएको जनाएको छ। 'यो समस्या जिल्लाका अन्य सुन्तला बगानमा पनि हुनसक्छ, हामी नियमित अनुगमन गर्छौं', पुनले भन्नुभयो, 'सर्कुवाको सुन्तलाको समस्या सामाधानका लागि पुनः त्यहाँ प्राविधिकको समूह पुग्ने छ।' मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषिगाउँ कार्यक्रमअर्न्तगत ज्ञान केन्द्रले साना किसान कृषि सहकारी संस्थासँग समन्वय गरेर सर्कुवामा एक दिने बाली उपचार शिविर सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो। त्यहाँ पुगेका प्राविधिकले समस्या देखिएका बालीमा विभिन्न विधिको प्रयोग गरे जाँच तथा पहिचान गरेका थिए। सर्कुवामा किसानले लगाएको काँक्रामा पनि औसा कीराको व्यापक सङ्क्रमण भेटिएको छ। मकैबालीमा अमेरिकन फौजी कीरा र गोलभैँडामा सेतो ढुसीको समस्या देखिएको पुनले जानकारी दिनुभयो।

कीराको सङ्क्रमणलाई प्रकोपका रुपमा फैलिन नदिन किसानलाई सचेतसमेत गराइएको पुनले बताउनुभयो। 'अहिले औषतमा वर्षा भइरहेकाले फौजी कीरा फैलाउन पाएको छैन्, तर ठूला बोट भएको मकैमा कीरा लागिसकेको छ', उहाँले भन्नुभयो, 'नियमित वर्षा नभए एक दुई दिनमा नै मकैको विनाश गर्छ।' कृषि ज्ञान केन्द्रले सिफारिस गरेका मकैको जातका आधारमा सोहीअनुसारको उपचार विधि र विषादी किसानलाई उपलब्ध गराइएको ज्ञान केन्द्रले जनाएको छ। गोलभेडामा लागेको डढुवाको समस्याले व्यावसायिक किसान मर्कामा परेका छन्।

सर्कुवाका ३४ किसानले खेतबारीमा लगाएका नगदे, खाद्यान्न तथा फलफूलमा रोग तथा कीराको सङ्क्रमणका विषयमा प्राविधिक समूहले खोजी गरेको थियो। किसानले लगाएको बहुवर्षे केराबालीमा पनि गुबो मर्ने घुन कीराको सङ्क्रमण देखिएको ज्ञान केन्द्रले जनाएको छ। 'समयमा उपचार गरे बालीमा लाग्ने रोग तथा कीराको सङ्क्रमण निदान गर्न सकिन्छ', पुन भन्नुहुन्छ, 'आफ्नो बालीमा समस्या देखिँदा नजिकैको कृषिसँग सम्बन्धित कार्यालय वा कृषि ज्ञान केन्द्रमा खबर गर्न भनिरहेका छौँ।'

# पेट्रोलपम्पमा ग्यास विस्फोट हुँदा दुई घाइते

**रासस**
**काठमाडौं, २२ जेठ**

काठमाडौँको टेकुस्थित कनक पेट्रोल पम्पमा ग्यास विस्फोट हुँदा दुईजना घाइते भएका छन्।

घाइते हुनेमा पर्सा जिल्लाको जगन्नाथपुर गाउँपालिकाका किशोरी शाह र सोही ठाउँ घर भई काठमाडौँको कालीमाटी बस्ने १८ वर्षीय दीपककुमार शाह घाइते भएका काठमाडौँ जिल्ला प्रहरी परिसरका प्रहरी उपरीक्षक दिनेशराज मैनालीले जानकारी दिनुभयो। उहाँका अनुसार आज साँझ ५ बजेको समयमा इन्धन राख्ने ट्याङ्कीको ढक्कन वेल्डिङ गर्ने क्रममा अकस्मात भित्रबाट ग्यास विस्फोट हुँदा उक्त घटना भएको हो। मैनालीले किशोरीको बायाँ खुट्टा जली 'फ्याक्चर' भएको तथा दाहिने खुट्टा, अनुहार, दुवै हात र छाती जलेको छ भने दीपकको बायाँ गालामा पोलेको जनाइएको छ।

# वातावरणीय बेवास्ताका कारण नासिँदै प्राकृतिक सम्पदा

**– ध्रुवसागर शर्मा**
**म्याग्दी, २२ जेठ (रासस)**

मानवीय अतिक्रमण र लापरबाहीका कारण हिमाली जिल्ला म्याग्दीमा वातावरणीय सङ्कटका असर देखिन थालेका छन्।

विकास भनेकै सडक निर्माण हो भन्ने प्रवृत्तीका कारण यहाँका ग्रामीण क्षेत्रमा वातावरणीय क्षति हुनेक्रम बढ्दै गएको छ। विकासका नाउँमा डोजर, स्काभेटरलगायत मेसिनहरू गाउँतिर उक्लिएपछि ग्रामीण क्षेत्रको वातावरण खलबलिएको छ भने प्राकृतिक सम्पदा र मौलिक ग्रामीण जीवन पद्धतिमाथि असर परेको छ।

ग्रामीण क्षेत्रको वातावरणीय सन्तुलनका आधार मानिने चौतारी एवं पोखरी मासिएपछि स्वच्छ हावापानी दुर्लभ बन्दै गएको छ। गाउँघरका पाटीपौवा र चौतारा विस्थापित भएका छन्। गाउँबस्तीका पारिस्थितीक प्रणालीमा जोखिम थपिँदै गएका छन्। चौतारी र पाटी पौवाहरू मासिँदै जाँदा ग्रामीण जीवनको गर्विलो इतिहास हराउँदै गएको छ।

अर्जुन मावि भकुण्डको शिक्षक रघुनाथ शर्मा भन्नुहुन्छ, 'अब थकाइ लाग्दा सुस्ताउने चौतारा पनि भेटिदैनन्। सडक विस्तारसँगै चौतारा विस्थापित भए।' वर्षभरि धान फल्ने खेतमा पानी लाग्ने कुलो डोजर लगाएर सडक बनाएकै कारण मासिएको गुनासो गर्दै उहाँले खेतीयोग्य जमिन बाँझोमा परिणत हुन थालेको बताउनुभयो। विकासका नाममा जथाभावी सडक निर्माण गर्दा गाउँघर नै कुरूप भएको मङ्गला गाउँपालिका-१ का हरिकृष्ण पौडेल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'पहिराको जोखिमसमेत बढाएको छ। सडक खन्दा अगाडि मन्दिर, विद्यालय, खानेपानीको मुहान होस् वा कुलो केही वास्ता गरिँदैन।' पौडेलले पानीको स्रोत कुवाँ, पँधेरा, मठमन्दिर, पाटीपौवा, चौतारा र कुलो मासेर बनाइने सडक विकास हो वा विनाश स्थानीयले छुट्याउन नसकेको दुःखेसो गर्नुभयो।

वातावरणीय प्रभाव मूल्याङ्कन नगरिकन जथाभावी डोजर (स्काभेटर) चालकले प्राविधिक रेखदेख बिना सडक खन्दा गाउँ नै कुरुप बनेको र पहिरोको जोखिममा रहेको वातावरण संरक्षणकर्मी चन्द्रमणि सापकोटा बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'यसरी जथाभावी सडक खन्ने क्रम नरोकिए थप सङ्कट निम्तिदै जाने र प्राकृतिक स्रोतको विनाश अझ बढ्नेछ।' सरकारले सडक बनाउनुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गर्नुपर्ने प्रावधान राखे पनि त्यसको बेवास्ता गरी आफूखुशी सडक बनाउँदा बस्ती थप जोखिममा पर्ने गरेको उहाँको भनाइ छ।

वन जङ्गलका छेउछाउमा र हरिया डाँडामा बस्ती विस्तार हुने क्रम बढ्दै गएपछि त्यहाँ बस्ने जनावर र चराहरूको अस्तित्व पनि सङ्कटमा पर्दै गएको सरोकारवाला बताउँछन्। यसरी जङ्गल फडानी गरेर बस्ती बसाउँदै गर्दा वातावरणीय चुनौती र प्राकृतिक विपत्तिको बारेमा सोच्न आवश्यक रहेको वातावरण संरक्षणकर्मी सापकोटाले बताउनुभयो। उहाँका अनुसार वातावरणीय अतिक्रमण र प्रदूषणका कारण जङ्गली जनावर, पक्षी र जलचरहरू पनि लोप हुँदै गएको पाइएको छ।

त्यसैगरी बजारबाट निस्कने फोहर, कलकारखाना र घरबाट निस्केका ढलहरू कालीगण्डकी र म्याग्दी नदीमा मिसाइँदै नदीको जलचक्र प्रणाली नै खलबलिनुका साथै जलचरहरू नासिँदै गएका छन् भने पवित्र नदीहरू प्रदूषित बन्दै गएका छन्। बजार क्षेत्रमा यातायात र कलकारखानाबाट निस्कने धुँवा अनि धुलोको कारण बालबालिका र वृद्धवृद्धाहरूको दैनिकी असहज बन्दै गएको गुनासा सुनिन थालेका छन्।

'हामीले प्रकृतिसँग नजिक हुन र प्रकृतिलाई माया गर्न सकेनौँ भने ठूलो मानवीय सङ्कट निम्तिने निश्चित छ', सापकोटा भन्नुहुन्छ, 'धुलाम्मे सहरभित्र मास्क लगाएर सुदृढ भविष्य कोर्न अनि अस्वस्थकर र मुहान नै फोहर भएका पानी पिएर स्वस्थ रहन असम्भव हुन्छ।'

सन् १९७२ मा संयुक्त राष्ट्रसङ्घले विश्व वातावरण सम्मेलनको आयोजना गरेको थियो। उक्त सम्मेलनबाट वातावरण संरक्षणका लागि विश्वभर राजनीतिक र सामाजिक जनचेतना जगाउनुपर्ने अन्तर्राष्ट्रिय ऐक्यबद्धता बन्यो। त्यसैअनुरूप यो दिवसलाई संस्थागत गर्न सम्मेलनको दोस्रो वर्ष अर्थात् ५ जून १९७३ मा विश्वमा पहिलोपटक विश्व वातावरण दिवसलाई एक अन्तर्राष्ट्रिय दिनका रूपमा अङ्गीकार गरिएको हो।

# सार्वजनिक ऋणको भार १८ खर्ब ४८ अर्ब, वित्तीय व्यवस्थाको हिस्सा बढ्दै

**रासस**
**काठमाडौं, २२ जेठ**

तपाईको टाउकामा ऋणको भार कति छ ? उत्तर पनि तपाईसँगै छ। व्यक्तिगत कारोबारका लागि लिइएको ऋणको हिसाब व्यक्तिगतरुपमा नै हुन्छ। त्यसको जिम्मेवार पनि तपाई नै हो। तर, देशले लिएको ऋण तपाई हामी सबैको गन्तीमा हिसाब गर्दा के कति पुग्यो होला ? आम मानिसको चासो स्वभाविकरुपमा रहन सक्छ नै।

सरकारले सार्वजनिक गरेको पछिल्लो विवरणानुसार हरेक नेपालीको टाउकामा रु ६३ हजार ३१० बराबरको ऋणको भार परेको छ। अर्थमन्त्री जनार्दन शर्माले यही जेठ १४ गते प्रतिनिधिसभामा पेश गर्नुभएको आर्थिक सर्वेक्षणअनुसार नेपालको कूल सार्वजनिक ऋण रु १८ खर्ब ४८ अर्ब १९ करोड बराबर पुगेको छ। यो नेपाली जनताले तिर्नुपर्ने ऋण भने होइन। तर, सरकारले तिर्ने ऋण भने अवश्य नै हो। आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार गत फागुन मसान्तसम्म सार्वजनिक ऋण १८ खर्ब ४८ अर्ब १९ करोड पुगेको हो। कूल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋणको मात्रा कम छ भने बाह्य ऋणको मात्रा बढी छ। रु आठ खर्ब ६३ अर्ब १९ करोड आन्तरिक हो भने रु नौ खर्ब ८४ अर्ब ९९ करोड भने विभिन्न दातृ निकाय र बहुपक्षीय निकायले नेपाललाई उपलब्ध गराएको ऋण हो।

गत वर्षको असार मसान्तसम्म सार्वजनिक ऋण रु १७ खर्ब ३७ अर्ब ६४ करोड बराबर थियो। सरकारले फागुन मसान्तसम्म थप रु ८९ अर्ब ५० करोड आन्तरिक ऋण लिएको छ र यस्तै, अनुदान र ऋण गरी बाह्य सहायता रु ४७ अर्ब ९४ करोड लिएको छ।

पछिल्लो तीन वर्षमा मुलुकको ऋणभार दोब्बरले बढेको देखिन्छ। विवरणअनुसार २०७४ को फागुनमा सरकारको कूल ऋण रु आठ खर्ब ४३ अर्ब रहेकोमा ०७७ फागुनसम्म त्यो बढेर रु १५ खर्ब ८९ अर्ब ४६ करोड बराबर पुगेको थियो। त्यसपछि पनि लगातार सार्वजनिक ऋणको मात्रामा वृद्धि भएको देखिन्छ। सरकारको सार्वजनिक ऋणको मात्रामा क्रमशः वृद्धि हुँदै गएपछि बजेटमा नै वित्तीय व्यवस्थाअन्तर्गतको शीर्षकमा समेत क्रमशः बजेट वृद्धि हुँदै गरेको विवरणबाट देखिन्छ। यही जेठ १५ गते सार्वजनिक भएको आगामी आर्थिक वर्षको बजेटमा वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ३० अर्ब २२ करोड अर्थात् १२ दशमलव ८ प्रतिशत बराबरको बजेट विनियोजन गरिएको छ। चालू आवमा रु एक खर्ब ८९ अर्ब ४३ करोड ७६ लाख बराबरको बजेट वित्तीय व्यवस्थाका लागि विनियोजन गरिएको थियो। त्यसमध्ये हालसम्म रु ८२ अर्ब ४८ करोड २३ लाख बराबरको रकम भुक्तानी गरिसकिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार कूल लक्ष्यका हालसम्म ४३ दशमलव ५४ प्रतिशत भुक्तानी गरिएको छ। सरकारको लक्ष्यअनुसार वित्तीय व्यवस्थातर्फ रु एक खर्ब ७५ अर्ब ५६ करोड अर्थात् ९२ दशमलव ७ प्रतिशत खर्च हुने संशोधित अनुमान छ।

चालू आवमा कूल सरकारी खर्च रु १४ खर्ब ४७ अर्ब ५१ करोड अर्थात् ८८ दशमलव ६ प्रतिशत हुने संशोधित अनुमान सरकारको छ। कुल सरकारी खर्च मध्ये चालु खर्च रु नौ खर्ब ७१ अर्ब ८६ करोड अर्थात् ९१ दशमलव २ प्रतिशत, पुँजीगत खर्च रु तीन तीन खर्ब नौ करोड अर्थात् ७९ दशमलव ४ प्रतिशत हुने सरकारको अनुमान छ। सरकारले आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु १२ खर्ब ४० अर्ब ११ करोड र वैदेशिक अनुदानबाट रु ५५ अर्ब ४६ करोड व्यहोर्दा रु चार खर्ब ९८ अर्ब २६ करोड न्यून हुनेछ। सो न्यून पूर्ति गर्न वैदेशिक ऋणबाट रु दुई खर्ब ४२ अर्ब २६ करोड जुटाइनेछ। राजस्व परिचालन र वैदेशिक अनुदान तथा ऋण सहायता परिचालन गर्दा नपुग हुने खुद रु दुई खर्ब ५६ अर्ब आन्तरिक ऋणबाट व्यहोर्ने गरी प्रबन्ध गरिएको छ।

यसबाट पनि सार्वजनिक ऋणको मात्रामा बढोत्तरी हुने नै देखिन्छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार २०७६ मा रु एक खर्ब ५५ अर्ब ७१ करोड ६० लाख बराबर बजेट वित्तीय व्यवस्थाका लागि विनियोजन भएको थियो। त्यस्तै २०७७ मा रु एक खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख बराबरको जोहो गरिएको थियो।

त्यस्तै २०७८ मा रु एक खर्ब ७२ अर्ब ७८ करोड बराबर वित्तीय व्यवस्थाका लागि राखिएपनि रु एक खर्ब ९७ करोड अर्थात् ५८ दशमलव ४४ प्रतिशत बराबरको दायित्व भुक्तानी गरेको थियो। सरकारले आन्तरिक तथा बाह्य क्षेत्रबाट लिएको ऋणको साँवा तथा व्याज भुक्तानी गर्ने समयसीमा निर्धारण गरिएको हुन्छ। सोही आधारमा नै सरकारले बजेटमा वित्तीय व्यवस्थाको शीर्षक नै राखेको हुन्छ। महालेखा नियन्त्रक सुमनराज अर्यालका अनुसार यो सरकारको नियमित काम भित्रै पर्ने विषय हो। "सरकारले आन्तरिकरुपमा उठाएको ऋण तथा बाह्य क्षेत्रसँग लिएको ऋणको साँवा वा ब्याजको भुक्तानीका लागि निर्धारण गरिएको समयभित्रै तिर्नुपर्ने भएकाले वित्तीय व्यवस्थामा यस खालको प्रबन्ध गरिएको हो। यो नियमित काम हो", अर्यालले भन्नुभयो।

